# कोटहीमाई गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः८ मितिः २०८२/०८/१५

## भाग-२

### कोटहीमाई गाँउपालिकाको अनुदान वितरण तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०८२

कोटहीमाई गाँउपालिकाको कृषि, पशुपंक्षी क्षेत्र तथा अन्य विकासको माध्यमबाट आर्थिक विकास गर्न सकिन्छ भन्ने विश्वास लिई निजी क्षेत्रलाई प्रोत्साहन, स्थानीय गैर सरकारी संघ संस्था परिचालन गरी उद्यमविकास, रोजगारीको सृजना गर्दै स्थानीय रैथाने वालीको संरक्षण प्रवर्द्धन गर्दै

व्यावसायिक जनशक्ति निर्माण गरी आर्थिक रुपले सम्पन्न गाउँपालिका निर्माण गरिने विश्वासका साथ योजना तथा कार्यक्रम तर्जुमा हुदै आएको र कृषि तथा पशुपंक्षी, पंक्षिजन्यकच्चापदार्थको माध्यमबाट घेरेलु उद्योगको विकास, आधुनिक कुखरापाला, सिमि, नगदेबाली खेती तथा बाख्रा पालन व्यवसाय लगायतका उद्योग तथा व्यवसायलाई प्रवर्द्धन गर्ने नितिलाई गाउँपालिकाबाट कार्यान्वयन गर्नुपर्ने भएकोले कोटहीमाई गाउँपालिका कृषि पशुपंक्षी उद्यमविकास पर्यटन  उत्पादन सुचना तथा प्रविधि तथा अन्य विविध क्षेत्रमा दिइने अनुदान दोहोरो पर्न नदिई अनुदान वितरणलाई सुनिश्चितता कायम गर्न विविध क्षेत्रमा वितरण गरिने अनुदानहरुको व्यवस्थापन गर्न बाञ्छनिय भएकोले नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा १ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम बमोजिम कोटहीमाई गाँउ कार्यपालिकाले यो कार्यविधि वनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**(१)यो कार्यविधिको नाम कोटहीमाई गाँउपालिकाको अनुदान वितरण तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०८२ रहेको छ।

(२) यो कार्यविधि कोटहीमाई गाँउपालिकाको कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएपछी लागु हुनेछ।

**२.परिभाषाः**विषय वा प्रंसगले अर्को  अर्थ नलागेमा यस कार्यविधिमा,

(क)“अध्यक्ष ” भन्नाले कोटहीमाई गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

(ख)“उपाध्यक्ष” भन्नाले कोटहीमाई गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

(ग) “कर्मचारी” भन्नाले कोटहीमाई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुलाइ सम्झनुपर्दछ ।

(घ) "कार्यालय" भन्नाले गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र गाउँपालिकाले स्थापना गरेको अन्य निकायलाई सम्झनुपर्दछ ।

(ङ) " गाउँपालिका" भन्नाले कोटहीमाई गाउँपालिकालाई सम्झनुपर्दछ ।

(च) "गाउँसभा" भन्नाले कोटहीमाई गाउँपालिकाको गाँउसभा सम्झनुपर्दछ ।

(छ) "पदाधिकारी" भन्नाले गाउँपालिका वा मातहतका कुनै सार्वजानिक पदमा निर्वाचित, मनोनित वा नियुक्त भएको अधिकारी सम्झनुपर्दछ ।

(ज) "प्रदेश" भन्नाले लुम्विनी प्रदेशलाई सम्झनुपर्दछ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐनको दफा (८४) बमोजिमको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(ञ) "शाखा" वा "विषयगत शाखा" भन्नाले गाउँकार्यपालिका अन्तर्गतको विषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्दछ ।

(ट) "वडा" भन्नाले कोटहीमाई गाउँपालिकाकोवडा कार्यालयलाई सम्झनुपर्दछ ।

(ठ) "वडाध्यक्ष" भन्नाले कोटहीमाई गाउँपालिकाकोसम्बन्धित वडाको अध्यक्ष सम्झनुपर्दछ ।

(ड) "वडा समिति" भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा (४) वा धारा २२३ को उपधारा (४) बमोजिमको वडा समिति सम्झनुपर्दछ ।

(ढ) "सदस्य" भन्नाले गाँउसभा वा गाउँकार्यपालिकाको सदस्य सम्झनुपर्दछ ।

(ण) "सेवाग्राहि" भन्नाले कोटहीमाई गाउँपालिकाको अनुदानमा भाग लिन योग्य व्यक्ति फर्म कम्पनी संघ संस्था सहकारी र समुहलाई सम्झनुपर्दछ।

(त) " क्षेत्र" भन्नाले सेवाग्राहीले काम गर्ने तथा अंगालेको पेशा व्यवसाय उद्यम लाई सम्झनुपर्दछ।

(थ) " अनुदान" भन्नाले कोटही कोटहीमाई गाउँपालिका द्धारा परिच्छेद ३ बमोजिमका क्षेत्रहरुमा वितरण गरिने ससर्त वा निसर्त सम्बन्धी आर्थिक तथा प्राविधिक सहायता सम्झनुपर्दछ।

(द) " अनुदान वितरण तथा अनुगमन समिति " भन्नाले दफा १६ अनुसार गठन भएको टोली सम्झनु पर्दछ।

(ध) "मापदण्ड" भन्नाले अनुदान प्राप्त गर्नको लागि तोकिएको शर्त पुरा गर्ने कागजात/ प्रमाण वा स्थलगत अनुगमनबाट देखिने कृषक, कृषक समुह गैर सरकारी संघ संस्था सहकारी कम्पनी तथा फर्मको अवस्था सम्झनु पर्दछ।

(न) " जिन्सी" भन्नाले मुर्त वस्तुमा दिइएको अनुदान सम्झनु पर्दछ।

(य) "सार्वजनिक निर्माण " भन्नाले सार्वजनिक उदेश्य सहित गरिएको खरिद कार्य तथा निर्माण( जडान कार्य) सम्झनु पर्दछ।

## परिच्छेद २
## गाउँपालिकाले अनुदानको व्यवस्था गर्ने

**३.अनुदान दिइने** (१) गाउँपालिकाले हरेक बर्ष गाउँपालिकाको कार्यक्षेत्र भित्रका कृषक, कृषक समुह, उद्यमी, निजी फर्म, सहकारी, स्थानीय गैर सरकारी संघ संस्था व्यवसायीहरुको निमित्त अनुदानको वयवस्था गर्न सक्नेछ।

(२) गाउँपालिका द्धारा दिइने अनुदान सशर्त तथा निशर्त प्रकृतिको हुनेछन भने ती अनुदानहरु नगद, प्राविधिक वा जिन्सीको रुपमा दिइनेछ।

(३) हरेक बर्षमा दिइने अनुदानको क्षेत्र आकार इत्यादि गाउँसभाले पारित गरे बमोजिम हुनेछ।

**४.प्रतिस्पर्धालाई आधार मानिनेः**(१) गाउँपालिकाबाट प्रदान गरिने सम्बन्धित अनुदानमा तोकिएको भन्दा धेरै सेवाग्राहिहरुले निबेदन पेश गरेको अवस्थामा परिच्छेद ५ को मापदण्डको आधारमा जसको मापदण्ड पुगेको छ सोही सेवाग्राहीलाई प्राथमिकतामा राखी अनुदान वितरण गरिनेछ। तर गाउँपालिकाद्धारा प्रदान गरिने विशेषवर्ग जातजाती लिङ्ग स्थान वा समुह उद्योग स्थानीय गैर सरकारी संघ संस्था सहकारीहरुको नाम किटान गरी वितरण गरिने भनि गाउँसभामा निर्णय भएको हकमा अनुदान सिधै उपलब्ध गराउन वाधा पर्ने छैन।

**५.अनुदान सम्बन्धि अधिकारः**(१) हरेक प्रकारका अनुदानहरु कसलाई कसरी र कति मात्रा दिने भन्ने निर्णय गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ।

६.अनुदान दिने मापदण्डका सामान्य सिद्धान्तहरुः(१)सामान्यतया गाउँपालिकाको अनुदान यस पालिकाका स्थानीय बासिन्दा तथा यस पालिकाको

क्षेत्र भित्र काम गर्ने फर्म कृषक कृषक समुह उद्यमी स्थानीय गैर सरकारी संघ संस्था सहकारी उद्योग व्यवसायलाई प्रदान गरिनेछ।

(२) सामान्यतया अनुदानको रकमबाट आफ्नै जमिन भएको स्थानमा कार्यक्रम संचालन गर्नेलाई प्राथमिकता दिइनेछ।

(३) सामान्यतया अनुदानको रकमबाट आफै र परिवार नै संलग्न भै काम गर्नेलाई वा स्थायी रुपमा कामदार राखी कार्यक्रम संचालन गर्नेलाई प्राथमिकता दिइनेछ।

(४) स्थानीय मागलाई आपुर्ति गर्ने गरी स्थानीय बजारमा उत्पादन विक्री गर्ने सुनिश्चितता भएकालाई प्राथमिकता दिइनेछ।

(५) यो अनुदान प्राप्त गर्न सो आर्थिक बर्षमा अन्य कुनै प्रकारको अनुदान नलिएको हुनुपर्नेछ।

(६) यो अनुदान पाउनेले स्वंम आफै काम गर्नुपर्नेछ। यदि अनुदान लिएर अर्को मार्फत काम गराइएको पाइएमाम प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ।

**७.अनुदान रकमका आधारमा वर्गिकरणः**

(१) सामान्य अनुदानः गाउँपालिकाले प्रदान गर्ने रुदुई लाख सम्मको अनुदानलाई समान्य अनुदानको रुपमा लिइनु पर्दछ। जस अन्तरगत कृषि पशुपालन पर्यटन स्थानीय वाली संरक्षण प्रवर्द्धन तथा बजारीकरण आय आर्जन पोषण स्वास्थ्य लगायतका विविध क्षेत्रहरु पर्नेछन।

(२) न्युन मध्यम अनुदानः-गाउँपालिकाले प्रदान गर्ने रु दुई लाख देखि पाच लाख सम्मको अनुदानलाई न्युन मध्यम अनुदानको रुपमा लिइनु पर्दछ। जस अन्तरगत कृषि पशुपालन पर्यटन स्थानीय वाली संरक्षण प्रवर्द्धन तथा बजारीकरण आय आर्जन पोषण स्वास्थ्य लगायतका विविध क्षेत्रहरु पर्नेछन।

(३) मध्यमस्तरको अनुदानः- गाउँपालिकाले प्रदान गर्ने रु पाच लाख देखि दश लाख सम्मको अनुदानलाई मध्यमस्तरको अनुदानको रुपमा लिइनु पर्दछ। जस अन्तरगत कृषि पशुपालन पर्यटन स्थानीय वाली संरक्षण प्रवर्द्धन तथा बजारीकरण आय आर्जन पोषण स्वास्थ्य लगायतका विविध क्षेत्रहरु पर्नेछन।

(४) विशेष अनुदानः- गाँउसभाले सम्बन्धित व्यक्ति फर्म समुह सरकारी तथा गैरसरकारी संघ संस्थाको नाम किटान गरी प्रदान गरिने अनुदानहरु पर्दछन।

(५) कुनै पनि अनुदान प्राप्त गर्ने सम्बन्धित व्यक्ति फर्म समुह सरकारी तथा गैरसरकारी संघ संस्थाले कार्य सम्पन्न पश्चात सम्पुर्ण विलभरपाईहरु गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ।

# परिच्छेद ३
## अनुदान वितरणका क्षेत्रहरु

(८).अनुदान वितरणका क्षेत्रहरु देहाय अनुसार हुनेछन।

(१) कृषिः-

(क) तरकारी खेति तर्फ दिईने अनुदानहरुः- यस अनुदान अन्तरगत गोलभेडा, प्याज, कागती, लसुन, काउली, व्रोकाउली, मुला, तोरी, धान, गहु, सिमि, वोडीतथा सागपात लगायतको खेती गर्ने कृषक, कृषक समुह फर्म तथा समुहरुलाई आवश्यक अनुदान गाउँपालिकाले वितरण गर्न सक्नेछ।

(ख) स्थानीय रैथाने वाली उत्पादन तथा विक्रि वितरणमा गाउँपालिकाले अनुदान वितरण गर्न सक्नेछ।

(ग) कृषि ज्ञान केन्द्रका लागि अनुदानः- यस पालिकाको कृषकहरुको निमित्त उन्नत विउ विजन परीक्षण गरी उत्पादन गर्ने र सहलियत दरमा विउविजन विक्रि गर्ने उदेश्य भएको कृषि ज्ञान केन्द्रलाई गाउँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ।

(घ) सिचाई तथा खानेपानीः- यस क्षेत्रमा रहेका कृषकहरुको खेतीवाली सिचाईका लागी आवश्यक उपकरण (वोरिङ) तथा शुद्ध खानेपानीका लागी आवश्यक उपकरण(हेन्डपाईप) खरिद तथा जडानमा गाउँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ।

(२) होटल तथा पर्यटनः-

(क) होमस्टेः- यस कोटहीमाई गाउँपालिका वडा नं १ देखि ७ सम्म पर्यटन व्यवसाय प्रवर्द्धनकोका निमित्त होम स्टे स्थापना तथ संचालनमा गाउँपालिकाले अनुदान वितरण गर्न सक्नेछ।

(ख) पर्यटकिय पार्क संचालनः- यस क्षेत्र अन्तरगत वाटरपार्क फनपार्क प्राकृतिक उद्यान जस्ता व्यवसाय संचालन गरिरहेका उद्यमशिल कम्पनीहरुलाई गाउँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ।

(३) **पशुपंक्षी**

(क) बाख्रा तथा भेडापालन व्यवासय गर्ने कृषक, कृषक समुह, फर्म कम्पनी तथा समुहहरुलाई वोका वितरण, माउ वितरण, खोरको स्तरबृद्धि तथा पुन निर्माण लगायतका लागि गाउँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ।

(ख) गाई भैसी पालन गर्ने कृषक, कृषक समुह, फर्म कम्पनी तथा समुहहरुलाई उन्नतनश्ल जातका गाईभैसि तथा रागा तथा गोरु वितरण कार्यक्रम तथा भकारो सुधार कार्यक्रम तथा दुध उत्पादन मार्फत गाउँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ।

(ग) कुखुरा तथा हाँसपालनमा कृषक, कृषक समुह, फर्म कम्पनी तथा समुहहरुलाई गाउँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ।

(४) **घरेलु उद्योगः-** स्थानीय साधन स्रोतको प्रयोग गरि सानो लगानी र थोरै जनशक्तिमा आधारित घरेलु उद्योग( टेलरिङ, सिकर्मि, डकर्मि, आरन उद्योग, कोसेली घर संचालन , प्लम्बिङ तथा कम्पोष्ट मल खाद्य उद्योग) स्थापना, प्रवर्द्धन ,संचालन र स्वरोजगारीको अवसर सृजना क्षेत्रहरुमा गाउँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ।

(५) **बेरोजगार युवा व्यवस्थापनः-** यस क्षेत्र अन्तरगत सिपरहित बेरोजगार युवा बैदेशिक रोजगारबाट फिर्ता भएका व्यक्ति शिक्षित बेरोजगार र सिप भएर पनि बेरोजगार रहनु परेका युवाहरुको पहिचार गरी स्वरोजगार तथा क्षमतामा आधारित रोजगार तथा सिपमुलक युवाहरुलाई सहायता गर्नको लागि सो सम्बन्धित तोकिएको मापदण्डको आधारमागाउँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ।

## परिच्छेद ४

## उपभोक्ता समितिबाट गरिने कार्य तथा खरिद प्रणाली

**(९) मितव्ययी खरिद प्रणालीः**-(१) यस पालिकाको कुनै पनि किसिमका अनुदान वितरण गर्दा खरिद प्रकृतिका अनुदान दिनुपरेमा खरिदमा मितव्ययीता हुने गरी गाँउपालिकाले खरिद ईकाईको निर्णय बमोजिम खरिद गर्नुपर्नेछ। तर

(२) सार्वजनिक निर्माणको कार्य उपभोक्ता समिति मार्फत कार्य गराउदा प्रयोग हुने साधारण ज्यामी ( Unskilled Labour)सम्बन्धित अंशको कार्य उपभोक्ता समितिको योगदानबाट सम्पन्न गर्नुपर्ने छ

## परिच्छेद ५

## अनुदान प्राप्ति तथा वितरण गर्न आवश्यक मापदण्डहरु

**(१०) अनुदान सम्बन्धि मापदण्डहरुः**- देहायका मापदण्ड पुरा गरेका सेवाग्राहिलाई गाउँपालिकाले अनुदान वितरण गर्न सक्नेछ।

(क)नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय सरकारलाई चुक्ता गर्नु पर्ने सम्पुर्ण कर चुक्ता गरेको।

(ख)सरकार तथा वित्तीय संघ संस्थाको कालोसुचिमा नपरेको।

(ग) फौजदारी अभियोगमा अदालतले कसुरदार नठहराएको।

(घ)गरिवीको रेखा भन्दा मुनि रहेका परिवारको सदस्य भएको।

## परिच्छेद ६

## सजाय

**(११) हदैसम्मको कारवाही हुनेः-** (१) अनुदान प्राप्त गर्नको लागि झुटो कागजात विवरण दिएर पालिकालाई झुक्काएको पाईएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

**(१२) अनुदान प्राप्त गर्न रोक लगाइनेः-** (१) दफा ११ अनुसारको कसुरदार ठहरिएमा कसुर गर्ने कृषक, कृषक समुह, फर्म कम्पनी तथा समुहहरुलाई अनुदान प्राप्त गर्न गाउँपालिकाले ३ बर्ष सम्म रोक लगाउन सक्नेछ।

(२) उपदफा १ बमोजिम अनुसारको सजाय भुक्तान गरि सोहि कृषक, कृषक समुह, फर्म कम्पनी तथा समुहहरुले पुनः दफा ११ बमोजिमको कार्य गरेमा प्रदान गरिएको अनुदान सहित विगो भरपाई कसुरदार सेवाग्राहिबाट सरकारी बाँकी असुलउपर गर्ने निर्णय समितिको सिफारिसमा गाउँपालिकाले गर्न सक्नेछ।

**(१३) अनिवार्य असुल उपर गरिनेः-** (१)कुनै पनि सेवाग्राहीले गाँउपालिका संग करार बमोजिम आफ्नो व्यवसाय संचालन नगरेको पाइएमा गाउँपालिकाले कारवाहीको प्रक्रिया अगाडि बढाउन सक्नेछ।

(२) कारवाही अगाडी बढाइ सम्झौता अनुरुप कार्य नगरेको पाइएमा गाँउपालिकाले प्रदान गरेको अनसुचि २ बमोजिमको सम्झौता अनुसारको रकम प्राविधिक सहायता वा जिन्सी खर्च असुलउपर गरी सम्झौता भंग गर्ने सेवाग्राहिबाट सरकारी बाँकी असुलउपर गर्ने निर्णय गाउँपालिकाले गर्न सक्नेछ।

(३) उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएता पनि सम्झौता भंग गर्ने सेवाग्राहिको मृत्यु भएको वा आगलागि भुकम्प बाढी जस्ता काबु बाहिरको कारणले सेवाग्राहिले सम्झौता अनुसारको आफ्नो व्यवसाय संचालन गर्न नसकेको प्रमाणित भएमा यो दफा निजलाई लागु हुनेछैन।

## परिच्छेद ७
## सम्झौता तथा भुक्तानी सम्बन्धी व्यवस्था

(१४) सम्झौता गर्न आवश्यक कागजात- यस कार्यालयले प्रदान गर्ने अनुदान प्राप्त गर्न सेवाग्राहीले

अनुसुची १ बमोजिमको निवेदन, नेपाली नागरिकताको प्रतिलिपि, कार्यक्रमको प्रस्तावना, वडाको सिफारिस सहित कार्यालयमा पेश गर्नुपर्नेछ तथा सम्झौता अनुसुची २ बमोजिमको ढाचामा हुनेछ।

(१५) भुक्तानी सम्बन्धी व्यवस्थाः- यस कार्यविधि अनुसार सम्झौता भई प्रक्रिया पुरा गरी काम सम्पन्न भएपश्चात आवश्यक कागजात सहित लेखा प्रमुख प्रशासकीय अधिकृतको स्विकृतीमा आर्थिक प्रशासन शाखामा बैसाख मसान्त सम्ममा पेश गर्नुपर्नेछ। त्यसरी रित पुरा गरि पेश भएको खण्डमा आर्थिक प्रशासन शाखाले सम्बन्धित सेवाग्राहिको बैकखातामा रकम सोझै निकासा दिन सक्नेछ।

## परिच्छेद ८

## अनुदान वितरण तथा अनुगमन समिति सम्बन्धि व्यवस्था

(१६) अनुदान वितरण तथा अनुगमन समित सम्बन्धि व्यवस्थाः- यस कार्यालयबाट अनुदान वितरण तथा अनुगमन समित देहायबमोजिम हुनेछ।

(क) गाउँपालिकाको अध्यक्ष- संयोजक

(ख) सम्बन्धित वडाको अध्यक्ष- सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) पुर्वाधार विकास शाखा प्रमुख- सदस्य

(ङ) प्रशासन शाखा प्रमुख- सदस्य

(ङ) प्र.प्र.अ ले तोकेको अधिकृतस्तरको कर्मचारी- सदस्य

(१७) अनुदान वितरण तथा अनुगमन समितको काम कर्तव्य तथा अधिकार कानुनले तोके बमोजिम हुनेछ।

## परिच्छेद ९
## विविध

(१८) संशोधन हुनेः- यस कार्यालयको अनुदान वितरण तथा व्यवस्थापन कार्यविधि, २०८२ गाउँकार्यपालिकाको निर्णयमा संशोधन गर्न सकिनेछ।

(१९) बाधा अड्काउ फुकाउः- यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा यस कार्यविधिको भावनाको प्रतिकुल नहुने गरी कार्यपालिकाको निर्णयले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२०) अभिलेख सम्बन्धि व्यवस्थाः- अनुदान प्राप्त गर्ने सेवाग्राहिहरुको अभिलेख सम्बन्धित वडा तथा गाँउपालिकाको प्रशासन शाखाले सुरक्षित राख्नु पर्नेछ।

अनुसुची १

कार्यविधिको दफा १४ संग सम्बन्धित

<u>अनुदान प्राप्तको लागि दिइने निबेदन फारम</u>

मितिः-

श्री वडा अध्यक्ष ज्यु
..........नं वडा कार्यालय
कोटहीमाई गाउँपालिकको कार्यालय
मझगाँवा रुपन्देही।

विषय- अनुदान उपलब्ध गराई पाउ भन्ने सम्बन्धमा।

उपरोक्त विषयमा यस कोटहीमाई गाउँपालिका द्धारा प्रदान गरिने ................क्षेत्रको अनुदान प्राप्त गर्न यस कार्यालयको अनुदान वितरण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८२ को मापदण्ड/गाँउसभाको निर्णय अनुसार अनुदान प्राप्त गर्न योग्य भएकाले यस गाँउपालिका मार्फत प्रदान गरिने...................
अनुदान तथा कार्यक्रम अन्तरगत अनुदान प्रदान गरिदिनु हुन तपसिल बमोजिम कागजात सहित यो आवेदन पेश गरेके छु/छौं।

....................
निबेदकको नामथर
संलग्न कागजातः-

१.नागरिकताको प्रतिलिपि
२.फर्म समुह वा कम्पनी भए दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. फर्म समुह वा कम्पनी भए अद्यावधिक करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
४.कृषक वा व्यक्ति भए सोही बर्ष वडामा तिरेको एकीकृत सम्पति कर/बहाल कर वा अन्य कर तिरेको रसिदको प्रतिलिपि

अनुसुची २

कार्यविधिको दफा १४ संग सम्बन्धित

<u>आवेदन स्विकृत भएपश्चात गरिने सम्झौताको ढाँचा</u>

आवेदक श्री..............................र कोटहीमाई गाउँपालिका विच.................... कार्यक्रम अन्तरगत............................नामक व्यक्ति/ कृषक/ कृषक समुह/ कम्पनी/ फर्मले यस गाउँपालिका वडा नं ................ मा संचालन गरेको/रहेको................क्षेत्रमा कोटहीमाई गाउँपालिकाको तर्फबाट रु...........................................(अक्षरुपी....................................)को..................क्षेत्र अन्तरगत......................शिर्षकमा अनुदान एकमुष्ट लिनेदिने गरी सम्झौता गरिएको छ।

उल्लिखित अनुदानको लागि कोटहीमाई गाउँपालिकाले राखेको शर्तहर बुझेर पालना गर्न प्रतिज्ञारत रहेको भनि हस्ताक्षर गरिदिएको छु/छौ।

<u>शर्तहरु-</u>

१. गाँउपालिकाबाट जारी भएको अनुदान वितरण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८२ पढिबुझि सोको पुर्ण पालना गर्न मन्जुर छु।
२. मैले/हामीले यस सम्झौता गर्दाका बखत संघ/प्रदेश वा स्थानीय सरकारबाट अन्य कुनै पनि अनुदान प्राप्त गरेको छैन।
३. यस पालिकाबाट दोहोरो पर्ने गरि कुनै पनि अनुदान लिएको छैन।
४. गाँउपालिकाले दिएको निर्देशन तथा यस सम्बन्धमा जारी हुने भविष्यका शर्तको पालना गर्नेछु।

निबेदकको तर्फबाट
नाम...............................................
हस्ताक्षर................................
छाप(आवश्यक भएमा)

कार्यालयको तर्फबाट
नाम..................................
पद.................................
हस्ताक्षर.........................
कार्यालयको छाँपः

ईति संवत................साल...........महिना...................गते ........रोज शुभम ।

आज्ञाले
अजय मिश्र
प्रमुख प्रशासकीय अधिकृत